# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धार्चे गाउँपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

धार्चे गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

धार्चे गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
गण्डकी प्रदेश

मितिः२०८१।२।९

प.सं. २०८०।८१

च.नं. ७५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोरखा ।

१. **कैफियत सहितको राय** – हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ८ करोड ३२ लाख २२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ११ लाख ३५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १३ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३९ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ३९ हजार समेत रु ५८ लाख ३१ हजार रहेको छ । धार्चे गाउँपालिकाको गतवर्ष सम्म रु. ६ करोड १ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ७३ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी धार्चे गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

धार्चे गाउँपालिका,

गोरखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ८८ | ८३२२२ | ० | ३८ | ११३५ | ३७ | ५० | ७१८६ | १३५४ | १८३९ | ३९९२ | ० | ० | ५८३१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ६०१९५ | ० | ० | ६०१९५ | ० | ७१८६ | ६७३८१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | दफा १८ | धरौटी फिर्ताः | ४५७६९२ |
| | | दफा ३२ | अनुगमन भत्ताः | ५७१५० |
| | | दफा ३४ | वढी तलव भत्ताः | ४६६२१ |
| | | दफा ४० | बढी निकासा | १४१,८९७ |
| | | दफा ४१ | प्राविधिक ग्रेड | २१९६५ |
| | | दफा ४२ | बढी ग्रेड भुक्तानी | २६२१४ |
| | | दफा ४३ | पारिश्रमिक कर | १८५८० |
| | | दफा ४४ | आवासीय छात्रवृत्ती | २००००० |
| | | दफा ५४ | प्रविधि हस्तान्तरण कार्यक्रम | २९३९३ |
| | | दफा ५५ | प्रशिक्षक भत्ता | ११००० |
| | | दफा ५६ | अनुगमन भत्ता | १०८०० |

| | | | | |
|---|---|---|---|---|
| | | दफा ६४ | **भ्रमण खर्च** | ६५२०० |
| | | दफा ७० | लगत कट्टा | ४९३३४ |
| | चालु वर्षको जम्मा | | | ११३५८४६ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | |
| | | | | |
| | | | | |
| | २०७७।७८ | | | |
| | | | | |
| | | | | |
| | २०७६।७७ | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **स्थानीय सञ्चित कोष –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालकाले वित्तिय हस्तान्तरणवाट प्राप्त अनुदान तथा साहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

एकिकृत आय व्यय विवरण

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| क्र सं | विवरण | रकम | क्र सं | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २६५५३०१११.० |
| | क) संचित कोष खाता | १४७९९६६८३.० | २ | पूँजीगत खर्च | ८६०६१३३६.० |
| | ख)स्थानीय तह प्रकोप व्यवस्थापन कोष | २२३००१५.० | ३ | निकासा फिर्ता | |
| | ग) विविध कोष खाता | ३५०६३८.० | | निकाशा फिर्ता चालु | १४२३७६२८.० |
| | घ) धरौटी खाता | १८८९२७३.० | | निकाशा फिर्ता पुजिगत | ८९२१८९.० |
| | ङ)विविध खर्च खाता | ७३३९८९.० | ४ | विषयगत तर्फ खर्च | |
| | च)विभाज्य कोष खाता | ४५७०००.० | | क) सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ८५९१७८५९.० |
| २ | राजस्व (आन्तरिक आय) | | | ख) प्रदेश सरकार अन्तर सरकारी | ४६५७५८४.० |
| | क) आन्तरिक राजस्व | ४११०१९१.० | ५ | धरौटी फिर्ता | ७५७६९२.० |
| | ख) राजस्व बाँडफाँड | ८१६०९२७८.० | | कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष) | |
| ३ | संघिय सरकारवाट प्राप्त अनुदान | | ६ | मौज्दात | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क)वित्तीय समानीकरण अनुदान | ९१४८२५००.० | | क) संचित कोष खाता | १४०४४७१६९.० |
| | ख) सशर्त अनुदान चालु | १५९९६३०३१.० | | ख) धरौटी खाता | १८२३२४८.० |
| | ग) सशर्त अनुदान पुजिगत | ९१२००००.० | | ग) विभाज्य कोष खाता | ४५७०००.० |
| | घ) समुपुरक अनुदान | २९९१०००.० | | घ) प्रकोप व्यवस्थापन कोष | २२३००१५.० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ङ) स्थानिय तह विविध कोष खाता | ३५०६३८.० |
| | क)वित्तीय समानीकरण अनुदान | ९८९५७५०.० | | च) विविध खर्च खाता | १९३४३८६.० |
| ५ | विषयगत तर्फः | | | | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ८५९१७८५९.० | | | |
| | ख) प्रदेश सरकार अन्तर सरकारी | ४६५७५८४.० | | | |
| ६ | विभिन्न कोष तर्फको आय | | | | |
| | क) विविध खर्च खाता | १२००३९७.० | | | |
| | ख)धरौंटी आय | ६३९६७८.० | | | |
| | ग) धरौटी आम्दानी बाध्न छट | ५१९८९.० | | | |
| जम्मा | | ६०५२९६८५५ | | जम्मा | ६०५२९६८५५ |

उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरिक्षण प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एवम् अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणलाई समेत आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन,२०७५ को दफा ४ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेका जोखिममा आधारित स्विकृत लेखापरीक्षण

योजनाभित्र रहि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार छ।

**(क) कार्यालय परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ६५२ वर्ग कि मि क्षेत्रफल तथा १८७२४ जनसंख्या रहेको छ ।
**(ख) लेखापरीक्षणको उद्देश्य –** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि –** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।६।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा –** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति –** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय– व्यय,

सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गराएको छ। सो को विस्तृत विवरण अनुसूची १ मा संलग्न छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक आय–** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विभिन्न सिफारिस तथा सेवा शुल्क दस्तुर वाट रु.४१ लाख १० हजार आन्तरिक आम्दानी गरेको विवरण पेश गरेको छ।पालिकाको कुल चालु खर्च रु.२६ करोड ५५ लाख ३० हजार रहेकोमा आन्तरिक आयको हिस्सा १.५ प्रतिशत मात्र देखिन्छ।पालिकाले आन्तरिक आम्दानीका स्रोतहरुको पहिचान गरी आन्तरिक आम्दानीको दायरा विस्तार गर्नुपर्दछ।पालिकाले प्रयोग गरेको आम्दानी सफ्टवेयरमा कुल आन्तरिक आम्दानी रु.२०७०३७३।०० वैक खातामा ४११०१९१।०० देखिएको छ भने सुत्रमा रु.३९०८०७५।०० मात्र आम्दानी वाँधेकोले आन्तरिक आम्दानी यथार्थ हो भनी एकिन गर्न सकिने अवस्था छैन।पालिकाले राजश्व अभिलेख तथा हिसाव अद्यावधिक गरि यथार्थ अवस्था चित्रण गर्ने गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

३ **वैक हिसाव मिलान नगरेको–** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा.नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

४ **वित्तिय विवरण–** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुँजिगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजिंगत शिर्षकवाट

गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

५ **वार्षिक खरिद योजना/गुरुयोजना –** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८ करोड ६० लाख ६१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६ **स्थानीय दररेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, 2049 दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

८ **आन्तरिक लेखापरीक्षण –** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९।८० को आर्थिक कारोबारहरु मध्ये अन्तरसरकारी अख्तियारी वाहेक पालिकातर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा भएको व्यवस्थाअनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।

९ **अनुगमन तथा भ्रमण खर्च –** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु ३० लाख ३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

१० **रकमान्तर –** धार्चे गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा २ मा कार्यपालिका वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा सार्न सक्नेछ र यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक शिर्षकवाट एक भन्दा वढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था रहेको छ। । यस पालिकाले गाउँसभावाट विभिन्न ३६ खर्च शिर्षकवाट ४ करोड ४० लाख ४२ हजार रकम घटाएर ९४ योजनामा वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ।

११ **कार्यक्रमगत प्रगती –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शुन्य तथा न्युन प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका पुँजिगततर्फका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्ः

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| धार्चे गा पा को समपुरक (साझेदारी ) कोष | ८००० | ० |
| दोभान मोटरेवल पुल निर्माण | ८००० | ० |
| सडक मर्मत संभार / JCV खरिद | ७००० | ० |
| जडीबुटी खेती अध्ययन तथा अर्थ प्रशोधन केन्द्र | ७००० | ० |
| पुर्बाधार साझेदारी कार्यक्रम | ६४०० | ० |
| जडीबुटी खेती अध्ययन तथा अर्थ प्रशोधन केन्द्र | ५००० | ० |
| खानेपानी ( पानी प्रशोधन) | ५००० | ० |
| गा पा भवन | ४००० | ० |
| फिस ह्याचरी निर्माण | २२०० | ० |

| | | |
|---|---|---|
| गुम्दा चिस्यान केन्द्र | २००० | ० |
| जनजागृती मा वि माछा खोला | १७०० | ० |
| आकस्मिक सेवा सुचारु | १५०० | ० |
| सामुदायिक स्वास्थ्य भवन खोर्लाबिसी | १००० | ० |
| हिम पाइप खरिद तथा खोला मर्मत खोर्लाबिशी | १००० | ० |
| धार्चे वडा तथा स्वास्थ्य कार्यालय wifi विस्तार जडान | १००० | ० |
| गुम्दा कोल्ड स्टोर | १००० | ० |

१२ **योजना छनौट तथा कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र श | विवरण | योजनासंख्या | खर्च रकम |
|---|---|---|---|
| १ | १ लाखभन्दा कमका योजना | ७ | ६७२४७४ |
| २ | १ लाख देखि५ लाख सम्मका योजना | ८७ | २९१५६३७३ |
| ३ | ५ लाख देखि१० लाख सम्मका योजना | २३ | १७४५४१६७ |
| ४ | १० लाखदेखि ५० लाख सम्मका योजना | ७ | १६५२८४०० |
| ५ | ५० लाखभन्दा माथीका योजना | २ | ६३४६०७६ |

| | | | |
|---|---|---|---|
| | जम्मा | १२६ | ७०१५७४९० |

१३ **चौमासिक खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.८ करोड ६० लाख ६१ हजारमध्ये मध्ये तेस्रो चौमासिकमा रु.७ करोड ४३ लाख ५१ हजार (८६.४ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.२ करोड ८४ लाख ९९ हजार (३३.१ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिक भित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ।

| वजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असारको खर्च |
|---|---|---|---|---|---|
| विभिन्न | ८६०६१३३६ | ० | ११७१०३६३ | ७४३५०९७३ | २८४९९४४८ |
| खर्चको प्रतिशत | १०० | ० | १३.६ | ८६.४ | ३३.१ |

१४ **अवण्डा वजेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष भैपरी आउने विविध र गैरवित्तिय चालु अनुदान शिर्षकमा रु.१ करोड ९५ लाख वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

१५ **क्षेत्रगत वजेट –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि नं | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७३६४००० | १२८५१३१० | ३४.३९ |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक विकास | १९२७४३००० | १६८८३८६४० | ८७.६ |
| ३ | पूर्वाधार विकास | १२२९०५२०७ | ४९००३१९२ | ३९.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६२६८००० | २०२५६१८८ | ७७.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४७७६५३२३ | १००६४२११७ | ६८.११ |
| | कुल जम्मा | ५२७०४५५३० | ३५१५९१४४७ | ६६.७ |

१६ **कानुन निर्माण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १४ ऐन, ५ वटा नियमावली, १२ निर्देशिका, ३५ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वयन गर्नुपर्दछ।

१७ **सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ९२३ वटा, मृत्युदर्ता १८० वटा, , घरवाटो शिफारिश २५ वटा, नागरीकता शिफारिश ४६० वटा नाताप्रमाणित १६१ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

१८ **धरौटी फिर्ता –**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर धरौटी फिर्ता गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. ४५७,६९२ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१९ **पेश्की वाँकी –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा मेगा विद्यालय होस्टेल वल्क निर्माण कार्यको सुनामि एस ए जे भि लाई दिएको म्याद ननाघेको पेश्की रु.२९९२०००।०० नियमानुसार फछ्यौट गर्नुपर्दछ।

२० **सार्वजनिक सम्पती व्यवस्थापन प्रणालीको प्रयोग –** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेतापनि पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा

सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS पुर्ण रुपमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

२१ **झोला खरिद –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त सम्पत्ती तथा जिन्सी मालसामानको लगत तयार गर्दा प्रविधिजन्य कुनै सम्पत्ती तथा जिन्सी मालसामानको हकमा सम्बन्धित कार्यालयले प्राविधिक कर्मचारीबाट जाँच गराई के कस्तो अवस्थामा त्यस्तो सम्पत्ती तथा जिन्सी मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुरा कैफियत जनाई लगत खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले १७५ थान लोगो सहितको झोला छपाई गर्न गोरखकाली अफसेट प्रेसलाई रु.५४०८४६।०० भुक्तानी गरेकोमा ७८ थान झोला पालिकामा प्राप्त भएको र बाँकी झोलाको भरपाई माग गर्दा बाँकी झोला पालिकामा प्राप्त नभएको प्रतिक्रिया दिएको अवस्थामा समेत सम्पुर्ण झोलाको जिन्सी दाखिला गरेको छ।कार्यालयमा सामाग्री प्राप्त नभई ९७ झोलाको प्रतिझोला रु.३०९१।०० का दरले रु.२९९७८३।०० भुक्तानी गर्नु तथा जिन्सी दाखिला गर्नु मनासिव देखिदैन । अतः उक्त सामाग्री कार्यालयमा प्राप्त भई वितरण भएको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,७८३ |

२२ **करार सेवा –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयको असार महिनाको तलव भुक्तानी प्रतिवेदन अनुसार इन्जिनियर १ जना, सव इन्जिनियर १ जना, असिष्टेण्ट सव इन्जिनियर ३ जना कम्प्युटर अपरेटर १ जना मेडिकल अधिकृत १ जना, ल्याव टेक्निसियन १ जना, अ. हे. व ७ जना, अ. न. मि ५ जना, करारमा राखि वार्षिक रु.८७७७३६८।०० खर्च लेखेको छ ।यसमा सुधार गर्नुपर्दछ।

२३ **स्वकिय सचिव –** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ११ मा गाउँपालिकाको अध्यक्षले आन्तरिक स्रोतवाट खर्च व्यहोर्ने गरी राजपत्र अनंकित द्धितिय श्रेणी वा सो सरहको स्वकिय सचिव राख्न पाउने व्यवस्था रहेको छ।ऐनको अनुसुची १ मा पदाधिकारी तथा सदस्यले पाउने मासिक सुविधा उल्लेख भएकोमा स्वकिय सचिवको सुविधावारे उल्लेख नभएको र निर्वाचित सदस्य समेत नभएकोमा स्वकिय सचिवलाई पदाधिकारीको रुपमा लिन मिल्ने देखिदैन।कार्यालयले सुन वहादुर गुरुङलाई स्वकिय सचिवको पदमा नियुक्ति गरी मासिक रु.३२९०२।०० का दरले मासिक तलव भत्ता, चाडपर्व खर्च, पोषाक भत्ता तथा कार्यालय वाहिर रहँदा भ्रमण भत्ता समेत भुक्तानी गरेकोमा स्वकिय सचिवको हाजिरी अभिलेख राखेको छैन।ऐनले पदाधिकारीको रुपमा पहिचान नगरेको तथा कर्मचारी सरह नियुक्ती गरेकोमा हाजिरी अभिलेख नराखी तलव भत्ता भुक्तानी भएको रकम नियमसम्मत देखिएन।रु

| | |
|---|---|
| अनियमित भएको | ४,२७,७२६ |

२४ **वितरणमुखी खर्च –** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु. १४ लाख ५० हजार खर्च गरेको देखिन्छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| ११८ | तमु ल्होसार कार्यक्रम काँशिगाँउ उपभोक्ता समिती | १००००० |
| १२१ | हिमालयन इको इन्भाइरोमेन्ट युवा क्लव भाँडावर्तन खरिद उपभोक्ता समिती | २५०००० |
| १४९ | धार्चे घाटु संरक्षण उपभोक्ता समिती भाडाँवर्तन खरिद लगायत | ३००००० |
| १५० | धार्चे आमा समुह भाडाँवर्तन खरिद | ३००००० |
| ३०० | तातोपानी मेला लाइभ दोहोरी मेला उपभोक्ता समिती | २००००० |
| २७ गा पा स्तरिय चालु | तातोपानी मेला लाइभ दोहोरी मेला उपभोक्ता समिती | २००००० |
| ३८ | सिङ्ला रेसे मेला आयोजक समिती | १००००० |
| | जम्मा | १४५०००० |

२५ **खेलकुद कार्यक्रम –** कार्यालयले सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष धार्चे युवा तथा खेलकुद विकास कार्यक्रम गरी सोम प्रसाद गुरुङलाई भौ नं ३७ वाट रु.११२२६५५।०० खर्च लेखेको छ। खर्चका विल भरपाई परीक्षण गर्दा खेलकुद सामाग्री तथा ट्याकसुटमा रु.४८९०००।०० पुरस्कारमा रु. १०५०००।०० खाना खाजा तथा अन्य शिर्षकमा ५२७८१५।०० खर्च भएको देखिन्छ। कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु तथा पोषाकहरुको कार्यक्रम पश्चात कार्यालयमा दाखिला भएको देखिदैन। कार्यालयले यसप्रकार कार्यक्रम गर्दा मितव्ययी तरिकावाट सञ्चालन गर्नुपर्दछ।

२६ **छात्रवृती –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड वनाउन सक्ने व्यवस्था

रहेको छ। पालिकाले यस वर्ष गरिव जेहेन्दार छात्रवृती शिर्षकवाट कानुन निर्माण नगरी ३८ जना प्राविधिक विषय छात्रवृती वापत रु.२१०५०।०० का दरले रु.७९९९००।०० र भिमोदय वहुमुखि क्याम्पसमा अध्ययनरत १० जनालाई रु.१०००००।०० खर्च लेखेको छ। पालिकाले आफ्नो अधिकारक्षेत्रको विषयमा कानुन निर्माण गरी छात्रवृती वितरणलाई व्यवस्थित गर्नुपर्दछ।

२७ **भाडा भुक्तानी –** सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययीतता, कार्यदक्षता तथा औचित्यतताका आधारमा खर्च गर्नुपर्दछ। कार्यालयले मिति २०७७ सालमा जग्गा भाडामा लिई कोभिड १९ का विरामिलाई राख्ने क्वारेन्टाइन निर्माण गरेकोमा ३ वर्षको भाडा वापत यस वर्ष भौ नं १५६ वाट १५००००।०० भुक्तानी गरेको छ। कोभिड १९ को प्रभाव सकिएको अवस्थामा समेत निजि जग्गाको ट्रस नहटाई भाडा भुक्तानी गर्नु उचित देखिदैन। कार्यालयले यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२८ **विल भरपाई –** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आर्थिक वर्ष देहायवमोजिम सामाग्री खरिद गरी भुक्तानी गरेकोमा सामाग्री वितरणको भरपाई पेश नभएकोले वितरणको भरपाई पेश गर्नुपर्दछ । रु.

| गो भौ नं | खरिदको विवरण रकम | रकम |
|---|---|---|
| २२९ | विपद व्यवस्थापन सामाग्री वडा नं ५ विभिन्न भाडाँवर्तन | २८०३२६ |
| २९० | त्रिपाल खरिद ४४ वटा | १४२५५९ |
| | जम्मा | ४२२८८५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२२,८८५ |

२९ **जिल्ला दर –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० तथा अनुसुचीमा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले सिञ्चाई प्रयोजनको लागि एच डि पि ई ३२mm पि एन १० पाइप ६१०० मिटर खरिद गरी भौ नं १२ वाट रु. ६९७१४९।०० भुक्तानी गरेकोमा उक्त पाइपको जिल्ला दर ६७।२६ रहेकोमा रु. ७०।७९ का दरले भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम मु अ कर समेत असुल गर्नुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,३३२ |

३० **व्यक्तिगत योजना –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुंजी निर्माण हुने कार्यमा खर्च

गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार व्यक्तिगत नाफा कमाउने उद्देश्यले स्थापित संघ संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष कार्यालयले निजि स्वामित्वमा स्थापित सल्लाघारी पशुपंक्षी तथा कृषि फर्मलाई घेरावार गर्न वजेट तथा कार्यक्रममा नै समावेश गरी भौ नं १५३ वाट रु.२३६७२५।०० भुक्तानी दिएको छ। यसरी निजि स्वामित्वको सस्थाको संरचना निर्माण गर्न दिएको रकम नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | २,३६,७२५ |

३१ **वढी भुक्तानी –** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले कृषि तर्फ गोला सहितको मौरि घार खरिद तथा वितरण गरी रु.४९७२२०।०० खर्च लेखेको छ। गोला सहितको मौरि घार खरिद गर्दा मौरि तथा गोला सोहि दरमा समावेश हुनेमा कार्यालयले सोहि घारको लागि भनि १९.५ के जि आधारचाकाको छुट्टै शिर्षकमा रु.१९५००।०० भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रकम असुल गर्नपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५०० |

३२ **अनुगमन भत्ता –**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर अनुगमन भत्ता असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.५७१५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **कानुनी सल्लाहाकार –** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा गाउँपालिका तथा नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको व्यवस्था रहेको छ। उक्त ऐन अनुसार गाउँपालिका तथा नगरपालिकाले कानुनी सल्लाहाकार नियुक्त गर्न मिल्ने देखिदैन भने नगरपालिकाको स्विकृत दरवन्दीमा समेत कानुनी सल्लाहाकारको पद छैन। नगरपालिकाले यस वर्ष कानुनी सल्लाहकार पदमा राजु गुरुङलाई नियुक्ती गरी मासिक रु.२५०००।०० का दरले १२ महिनाको रु.३०००००।०० खर्च लेखेको भने कानुनी वहस वापत छुट्टै रु.१८००००।०० खर्च लेखेको छ। यसरी वहस पैरवीको अलग्गै खर्च लेखेको अवस्थामा कानुनी आधार वेगर कानुनी सल्लाहाकार नियुक्ती गरी भुक्तानी गरेको तलव भत्ता रकम नियमसम्मत देखिदैन।

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३४ **वढी तलव भत्ता –**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. ४६,६२१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **मेलमिलाप तालिम –** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ को परिच्छेद ७ सवै प्रकारका तालिम गोष्ठी कार्यशाला सम्वन्धि मापदण्डको बुँदा नं ४ मा तालिम केन्द्र वाहेकका निकायवाट तालिम सञ्चालन गर्दा प्रशिक्षक भत्ता भुक्तानी गर्न एउटा कक्षा १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ। पालिकाले मेलमिलाप सम्वन्धि तालिम सञ्चालन गर्दा पालिकामार्फत व्यवस्थापकिय कार्य गर्ने र प्रशिक्षणको लागि ग्लोवल एड्भोकेसी नेपालसंग सम्झौता गरी रु.४५९३१९।०० खर्च लेखेको छ। पालिकामुकाममा ८ दिनसम्म सञ्चालित तालिममा प्रतिदिन ४ सेशनका दरले ३२ सेशनको प्रतिशेसन रु ३४००।०० का दरले प्रशिक्षक भत्ता रु.१०८८००।०० भुक्तानी गर्नुपर्नेमा ४४ सेशनको १४९६००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु.४०८००।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८०० |

३६ **कार्यक्रम खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्दछ ।पालिकाले यो वर्ष धार्चेको विकासको लागि धार्चे गाउँपालिकाका काठमाण्डौंवासी जनतासंग काठमाण्डौंमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरी भौ नं १६७ वाट सम्पदा गार्डेन होटललाई भुक्तानी गरी रु.१५६२३६।०० खर्च लेखेको छ। पालिकाको आन्तरिक आम्दानी रु.४१ लाख १० हजार मात्र भएको अवस्थामा सो समेतलाई मध्येनजर गरी कार्यक्रम तयार गरी रकम खर्च गर्नुपर्नेमा पालिका सो नगरी कार्यक्षेत्र भन्दा वाहिर कार्यक्रम आयोजना गरेको देखिन्छ । जसबाट पालिकाको चालु खर्चमा वृद्धि हुने तथा थप व्यायभार थपिने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३७ **दिवा खाजा –** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ६ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष १८ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु. ६३६३६१६।८० उपलब्ध गराएको छ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

३८ **शिक्षक दरबन्दी तथा पदपूर्ति –** पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र २५ सामुदायिक विद्यालय सन्चालनमा रहेका छन। २५ विद्यालयमा १४८ जना शिक्षक स्थायी दरबन्दी तथा पदपुर्ति भएको छ। उक्त पदपुर्ति मध्ये ८१ जना करार र ६७ जना स्थायी दरबन्दीमा कार्यरत छन। साथै २५ विद्यालयमा कुल ३२६५ जना विद्यार्थि रहेको देखिन्छ।

पालिकाले विद्यार्थीको तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३९ **सामाजिक परीक्षण –** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं.२.७.१३.१ मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष ९ विद्यालयलाई

रु.१५ हजारका दरले र १६ विद्यालयलाई रु. १० हजारका दरले रु. २९५००० निकासा दिएकोमा विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन। तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पेश हुनुपर्दछ। रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९५,००० |

४० **बढी निकासा –** पालिकाले गोरखनाथ आधारभूत विद्यालयका निम्न शिक्षक सरुवा भई अन्यत्र गएकोमा रमाना पत्रमा उल्लिखित मिति पश्चात पनि तलब भत्ता निकासा भएकोले बढी निकासा भएको उक्त रकम असुल हुनुपर्दछ। रु

| **शिक्षकको नाम** | **रमाना अनुसार तलब भत्ता खाएको अन्तिम मिति** | **रमाना पश्चात पनि तलब भत्ता निकासा भएको महिना** | **बढी निकासा रकम** |
|---|---|---|---|
| चिनकाजी उपरकोटी | २०७९ चैत्र २९ सम्म | २०८० जेष्ठ मसान्तसम्म | ८१७२४ |
| **जम्मा** | | | **८१७२४** |

*(प्रारम्भिक प्रतिवेदन उपर लोग बहादुर भुलसँग बढी निकासा रकम असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को जम्मा रु. १४१,८९७ ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,७२४ |

४१ **प्राविधिक ग्रेड –**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर बढि भुक्तानी भएको प्राविधिक ग्रेड असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. २१,९६५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **बढी ग्रेड भुक्तानी –**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर बढि भुक्तानी भएको ग्रेड रकम असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२६२१४ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **पारिश्रमिक कर –**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर पारिश्रमिक कर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. १८५८० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **आवासीय छात्रवृत्ती –**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर आवासिय छात्रावृत्ति सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२००००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **बढी छात्रवृत्ती निकासा –** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७९।८० मा गैरआवासिय छात्रवृत्ती वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ती उपलब्ध गराउनुपर्ने उल्लेख छ। पालिकाको २५ विद्यालयहमा IEMIS विवरण अनुसार कक्षा १ देखि ८ सम्म १२७१ जना छात्रा र ४५ जना दलित बालबालिका गरी जम्मा १३१६ विद्यार्थीहरु रहेको देखिन्छ। पालिकाले छात्रवृत्ती वापत रु ५२६४०० निकासा गर्नुपर्नेमा ६४४८०० निकासा गरेकोले बढी निकासा भएको रकम रु ११८४०० विद्यालय एकीन गरी असुल गर्नुपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८,४०० |

४६ **तलबी प्रतिवेदन –** शिक्षा नियमावली, २०५९ को नियम १२६(२) मा प्रत्येक पालिकाहरुले सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट परित गरी तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले २५ विद्यालयमा कार्यरत ६७ जना स्थायी शिक्षकलाई तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता निकासा गरेको छ। पालिकाले तलबी प्रतिवेदन पारित गरेर मात्र शिक्षकको तलब भत्ता निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४७ **स्थानीय पाठ्यपुस्तक –** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ३(क) बमोजिम सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गरेर मात्र आवश्यक मालसामान तथा सामाग्री खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई अन्तर्गत कक्षा १ को धार्चे सेरोफेरो नामक २००० थान पुस्तक खरिद वापत वेस्टर्न प्रिन्टिङ्ग सपोर्टस प्रा.लि. लाई रु ५४९१८० भुक्तानी गरेको छ। पालिका अन्तर्गत रहेका २५ विद्यालयको कक्षा १ मा जम्मा ४०२ विद्यार्थी रहेको IEMIS विवरणबाट देखिन्छ। साथै पालिकाले खरिद गरेको पुस्तमध्ये विद्यालयलाई हस्तान्तरण गरी विद्यार्थीलाई वितरण गरेको भरपाई समेत नरहेको तथा स्टोर शाखामा बाँकी मौज्दात पुस्तक समेत देखिदैंन। यस सम्बन्धमा पाठ्यपुस्तक खरिदमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ। साथै पालिकाले आवश्यकता भन्दा १५९८ थान पुस्तक रु २७४.५९ का दरले खरिद गरी खर्च लेखेको रकम रु ४३८७९५ नियमसम्मत देखिदैन। रु

| | |
|---|---|
| अनियमित भएको | ४,३८,७९५ |

४८ **सेनिटरी प्याड –** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८०७ जना रहेका छन। पालिकाले प्यागोडा इन्टरनेशनल बाट १०६३७ थान सेनिटरी प्याड रु. ८५१००० (मु अ कर समेत) मा खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

४८.१ पालिकाले कक्षा १ देखि ५ सम्म संचालित १३ विद्यालयलाई प्रति थान रु ८० का दरले १७०० थान सेनिटरी प्याड वितरण गरेको पाइयो। कक्षा ६ भन्दा माथिमा छात्रालाई मात्र सेनिटरी प्याड वितरण गर्नु पर्नेमा कार्यविधि विपरित रु १३६००० को सेनिटरी प्याड वितरण नियमसम्मत देखिदैन। रु

| | |
|---|---|
| अनियमित भएको | १,३६,००० |

४८.२ कार्यविधिमा कक्षा ६ भन्दा माथिका सामुदायिक विद्यालयहरुलाई मात्र सेनिटरी प्याड वितरण गर्ने व्यवस्था भएकोमा पालिकाले लाप्राक इङ्गलिस बोर्डिङ स्कुललाई १५० थान प्याड हस्तान्तरण गरेको देखिन्छ। यसरी कार्यविधि विपरित बोर्डिङ्ग स्कुललाई हस्तान्तरण गरेको प्रति प्याड रु ८० का दरले जम्मा रु १२००० असुल हुनुपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

४९ **स्तरमापन परीक्षा –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले कक्षा ५ र ८ को स्तर मापन परीक्षा संचालन गर्न शिक्षा संयोजक टेक बहादुर गुरुङलाई रु १३०००० पेश्की दिएकोमा जम्मा रु १५८३७७ खर्च भएको देखिन्छ। उक्त परीक्षा संचालन गर्दा मिति २०७९ फाल्गुन २६ र २९ गते २ पटकको बैठक भत्ता वापत २२ जनाको प्रति बैठक रु १००० का दरले जम्मा रु ४४००० खर्च लेख्नुपर्नेमा रु ८८००० खर्च लेखेको पाइयो। यसरी नियमभन्दा बढी भुक्तानी गरेको रु ४४००० सम्बन्धितबाट असुल हुनुपर्दछ। रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,००० |

५० **सट्टा शिक्षक –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्वन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा सुर्योदय मा वि मा कार्यरत शिक्षकलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा शिक्षक नियुक्ति गरी तलव भत्ता शिर्षकमा पालिकावाट रु.३०००००।०० खर्च लेखेको देखिन्छ। यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेकोले पालिकामा थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५१ **पाठ्यपुस्तक वितरण –** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७९।८० को ३.१ मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १ देखि १० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने। यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने उल्लेख छ। त्यसैगरी शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले निम्न ७ विद्यालयलाई विद्यार्थी संख्या एकीन नगरी तथा पाठ्यपुस्तक वितरण गरेको भरपाई वेगर भुक्तानी दिएको देखिन्छ।

| **सि.नं.** | **विद्यालयको नाम** | **रकम** |
|---|---|---|
| १ | सातकन्या देवी माध्यामिक विद्यालय | १३५१९० |
| २ | प्रभात किरण माध्यामिक विद्यालय | १०८०४५ |
| ३ | मणिकाम देवी माध्यामिक विद्यालय | २७८५७५ |
| ४ | पार्वती आधारभूत विद्यालय | १०४३७४ |
| ५ | ईच्छा आधारभूत विद्यालय | ११६४६४ |
| ६ | सुर्यदेवी आधारभूत विद्यालय | ९५१०९ |
| ७ | हिमालय आधारभूत विद्यालय | २१८९ |
| **जम्मा** | | **८३९९४६** |

५२ **न्यानो झोला –** पालिकाले प्रसुती सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाहरुमा न्यानो झोला वितरण कार्यक्रम अन्तर्गत यस वर्ष रु २२४३५० को २५० थान न्यानो झोला खरिद गरेको छ। पालिकामा अघिल्लो वर्षको १५२ थान न्यानो झोला मौज्दात रहेको देखिन्छ। पालिकाले यस वर्ष २१५ थान न्यानो झोल वितरण गरी १८७ थान मौज्दात बाँकी देखिन्छ। यसरी माग आवश्यकताभन्दा बढी न्यानो झोला खरिद गरी मौज्दात रहदा झोलाको गुणस्तरमा कमी आउन सक्ने देखिन्छ। यसर्थ पालिकाले आवश्यकताका आधारमा माग भए बमोजिमको न्यानो झोला खरिद गरी वितरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५३ **सिलाई मेशिन खरिद –** पालिकाले गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सेक्रेट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बाट रु ४८२८९४ मा २३ वटा सिलाई मेशिन खरिद गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार उक्त कार्यक्रम सञ्चालन भई ७ वटा मेशिन तालिम लिने प्रशिक्षार्थीलाई हस्तान्तरण भएको देखिन्छ। बाँकी १६ वटा मेशिन मध्ये ८ वटा मेशिन मात्र कार्यालयमा रहेकोमा बाँकी मेशिन कहाँ रहेको स्पष्ट भएको देखिएन। पालिकाले तालिमको प्रभावकारिता सुनिश्चित गर्दै बाँकी रहेका १६ मेशिनको एकीन गरी उचित व्यवस्थापन गर्नुपर्दछ। साथै पालिकाको जिन्सीमा नदेखिएका ८ मेसिनको प्रतिमेसिन रु २०९९५ का दरले रु १६७९६०।०० को मेसिनको जिन्सी दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६७,९६० |

५४ **प्रविधि हस्तान्तरण कार्यक्रम –** गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुँदा नं. ४१ मा उद्यमीलाई प्रदान गरिने कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भूक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रविधि हस्तान्तरण अन्तर्गत ७ जनालाई सिलाई मेशिन, २ जनलाई धुप र जडिबुटी पाउडर बनाउने मेशीन र २ जनालाई बाख्रा हस्तान्तरण गरेकोमा उद्यमीबाट प्राप्त गर्नुपर्ने कम्तीमा २० प्रतिशत रकम जम्मा गरेको पाइएन। निर्देशिका बमोजिमको उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु

| **उद्यमिको नाम** | **हस्तान्तरित प्रविधिको रकम** | **२० प्रतिशतले हुने रकम** |
|---|---|---|
| दिलमाया घले | ७५०० | १५०० |
| मनमायाँ वि.क. | ६५०० | १३०० |
| २ जनालाई धुप बनाउने मेशिन | ९५००० | १९००० |
| **जम्मा** | **२५५९६५** | **२१८००** |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत* **रुवी सुनार** को **४,१९९ सपना घले** को **४,१९९ तेजमाया घले** को **४,१९९ सुमिना गुरुङ** को **४,१९९ पानि घले** को **४,१९९ माया देवी गुरुङ** को ४,१९९ **लक्ष्मी गुरुङ** को ४,१९९ **गरी जम्मा** *रु.२९३९३। असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयानुसार सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,८०० |

५५ **प्रशिक्षक भत्ता –** अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड उल्लेख छ। उक्त निर्देशिकामा बाह्य स्रोत भएको प्रशिक्षक भत्ता र कार्यपत्र वापत रु १४०० र आन्तरिक स्रोत भएको प्रशिक्षक भत्ता वापत रु १००० का दरले पारिश्रमिक पाउने व्यवस्था छ। पालिकाले निम्न तालिम संचालन गर्दा निर्देशिकामा उल्लिखित भन्दा बढी पारिश्रमिक भुक्तानी गरेकोले बढी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्दछ। रु

यससँग सम्बन्धित विवरण अनुसूचीमा संलग्न छ।

*(प्रारम्भिक प्रतिवेदन उपर प्रशिक्षक भत्ता बढी भुक्तानी भएकोमा* **प्र.प्र.अ. श्री काजीमान सुनार** को **५,०००** **र लेखापाल श्री पदम ब. थापा** को ६,००० गरी **जम्मा** *रु.११००० /- असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०/११/२९ को निर्णयानुसार सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,८०० |

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **अनुगमन भत्ता –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर बढी अनुगमन भत्ता दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०/११/२९ को निर्णयबाट रु.१०८०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **किसान सूचीकरण –** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को बुँदा नं. २० मा किसान सूचीकरण गर्ने सहजकर्ताको छनौट स्थानीय तहले गर्ने र उक्त सहजकर्तालाई कार्यक्रम कार्यान्वयन विधिमा उल्लेख गरे अनुसारको पारिश्रमिक प्रदान गर्ने उल्लेख छ। पालिकाले कृ.स्वा.प्रा. श्री दिपक खत्रीलाई कार्यक्रममा सहजिकरण गरेवापत ५ दिनको रु ८००० भुक्तानी गरेकोले नियम विपरितको उक्त रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

५८ **उपभोक्ता समिति मार्फत खरिद**

५८.१ **हस्तान्तरण –** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

५८.२ **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ ।

५८.३ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मेशीन, औजार उपकरण आवश्यक नपर्ने प्रकारका श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चरका भवन, विद्युत सम्बन्धि कार्य लगाएतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिबाट वोलपत्रको माध्यमबाट प्रतिस्पर्धाको विधि अनुसार गराउनु उपयुक्त देखिन्छ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | काम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गण्डकी लालिगुराँस महिला समूह भवन निर्माण | भवन निर्माण | ९६०००० |
| २ | बम्लक चोक सामुदायिक भवन निर्माण | भवन निर्माण | ८५७८७५ |

५९ **अन्य कार्यालयको खर्च –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन । पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ४६ | अस्थायी प्रहरी चौकी निर्माण | ७५९७८८ |
| ५५ | प्रहरी चेक पोष्ट निर्माण माछीखोला | १३०७१२ |

| | | |
|---|---|---|
| ६७ | तातोपानी क्षेत्र संरक्षण तथा सम्बर्द्धन विकस केन्द्र (साउण्ड सिस्टम खरिद) | ५००००० |
| जामा | | १३९०५०० |

६० **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६०.१ (३१-२०८०-१-१२):

पालिकाले दलित आरान गोरेटो बाटो निर्माण योजना उपभोक्ता समितिमार्फत सञ्चालन गरेकोमा सिँडीमा सुख्खा ढुङ्गा छाप्ने कार्य अन्तर्गत पाचौं साईटका ८ वटा सिँडीको उचाई १ मिटर देखाई नापी किताब तयार गरेको छ । योजनाको अन्य साइटमा सिँडीको उचाई ०.२ मिटर रहेको र यस साईटमा १ मिटर उचाई राख्नु उचित देखिदैन । अत उक्त साईटमा भुक्तानी भएको परिमाण २.८८ घन मिटर (८ वटा १*०.४५*०.८) को रु.८५४३.१३ का दरले रु.२४६०४।० भुक्तानी भएकोले उपभोक्ता समितिको अंश (१२.२४%) कट्टी गरी बाँकी रु.१९३७८।० एकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,३७८ |

६०.२ (५२-२०८०-२-८):

पालिकाले चिहानडाँडा ट्रस निर्माण योजना उपभोक्ता समितिबाट सञ्चालन गरी रु.४६०२८१।० भुक्तानी गरेको छ । जसमा भवनमा ढुङ्गा सोलिङ्ग गर्ने कार्यको लागि विम र पिलरको लागि छुट्टै नापी गरी रकम भुक्तानी भएकोमा कोठाको सोलिङ्ग कार्य गर्दा विम र पिलर घटाई १.५९ घ.मी. (४.०२*३.९६*०.१) को मात्र भुक्तानी गर्नुपर्नेमा विम र पिलर सहितको नापी लिइ ३.०२ घ.मी. को भुक्तानी भएको छ । अत दोहोरो पर्ने गरी भुक्तानी भएको १.४३ घ.मी. को रु.३६४३।० का दरले रु.५२०९।० मा उपभोक्ताको अंश कट्टी गरी बाँकी हुने रकम रु.४५८४।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५८४ |

६०.३ (१०-२०७९-१२-२८):

पालिकाले नौली जलविद्युत आयोजना दोस्रो कुलो मर्मत कार्यको लागि उपभोक्ता समितिलाई रु.४८००००।० भुक्तानी गरेको छ । जसमध्ये स्टोन सोलिङ्गको काम ७.९२ घ.मी. को कार्य गरेकोमा स्वीकृत नर्म्स र संलग्न दर विश्लेषण अनुसार रु.३६४३।० दरले गर्नुपर्नेमा रु.४१४७ दरमा भुक्तानी

भएकोले बढी भुक्तानी रकम रु.३९९२।० मा उपभोक्ता समितिको अंश कट्टी गरी बाँकी रु.३४५९।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४५९ |

६१ **सिमेन्टमा मुल्य अभिवृद्धि कर –** सिमेन्टमा मुल्य अभिवृद्धि कर — सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मु.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता अंश कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समितिबाट सञ्चालन भएका योजनामा प्रति वोरा सिमेन्टको रु.८३०।० मा मुल्य अभिवृद्धि कर समेत समावेश गरी रु.९३७.९।० का दरले भुक्तानी गरेको छ । यसरी भुक्तानी भएका देहायबमोजिमका योजनामा कम मुल्यमा सामाग्री खरिद गरेकोले मुल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रकम रु. १५७४३।० सम्बन्धित उपभोक्ता समितिबाट असुल दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | योजनाको नाम | प्रयोग सिमेन्ट | खरिद दर | बढी भुक्तानी | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| २ | लन्चे खोला झो.पु. निर्माण | १५६ | ६७० | २४९६० | ३२४५ |
| ३ | खुइते खोला केरौजा झो.पु. निर्माण | १३३ | ७०० | १७२९० | २२४८ |
| ४ | पलाङ्गु खोला झो.पु. निर्माण | १३३ | ५०५ | ४३२२५ | ५६१९ |
| ३२ | गुम्दा ढल निकास निर्माण साविक वडा नं.६,७,८ (प्रति वोरा ७३० भुक्तानी भएको) | २७४ | ६०० | ३५६२० | ४६३१ |
| | जम्मा | | | | १५७४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७४३ |

६२ **फरक नर्म्स –** फरक नर्म्स सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत विभागिय नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको सडक निर्माण योजना उपभोक्ता समिति मार्फत सञ्चालन गरेकोमा सडक विभागको नर्म्स प्रयोग गर्नुपर्नेमा भवनको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको छ । जसबाट पालिकालाई रु.१२५९३१।० थप व्यायभार परेकोले नर्म्स भन्दा बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | कामको विवरण | कामको परिमाण | हुनुपर्ने दर | भएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७७ | कासीगाउँ भित्र सिड तथा गोरेटो बाटो निर्माण | सुख्खा ढुङ्गाको गारो | २७.६५ | ५३५७ | ५९८२ | १७२८१ |
| ७७ | कासीगाउँ भित्र सिड तथा गोरेटो बाटो निर्माण | PCC 1:3:6 | १२.८९ | १०७११ | १३७७२ | ३९४५६ |
| ८० | चामा खर्क ढल निकास गोरेटो बाटो निर्माण | सुख्खा ढुङ्गाको गारो | ३० | १०७११ | १३७७२ | १८७५० |
| २७ | छेदु देखि गुरुखोलासम्म जाने गोरेटो बो निर्माण | सुख्खा ढुङ्गाको गारो | ११.३४ | १०७११ | १३७७२ | ७०८८ |
| ५० | माछिखोला रेसेखोला गोरेटो बाटो | सुख्खा ढुङ्गाको गारो | ६९.३७ | १०७११ | १३७७२ | ४३३५६ |
| | जम्मा | | | | | १२५९३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,९३१ |

६३ **नापि भन्दा बढी भुक्तानी –** सुपरस्ट्रक्सचरको दर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले संलग्न दर विश्लेषण अनुसार देहायबमोजिमको योजनामा PCC 1:2:4 को कार्यमा सव-स्ट्रक्चरको काम गरेकोमा रु.१५७३७।५४ दरले भुक्तानी गर्नुपर्नेमा सुपरस्ट्रक्सचरको दर रु.१८६४१।२९ राखि रकम भुक्तानी गरेको छ । यसरी सव स्ट्रक्चरको कार्यमा सुपरस्ट्रक्सचरको दरमा भुक्तानी गरि देहायबमोजिम बढी भुक्तानी भएको रकम रु.६६१५२।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु

| भौ.नं. | योजना | परिमाण (घ.मी.) | बढी दर | बढी भुक्तानी | उ.स.को अंश बाहेक बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ३८ | खोर्लाविसी ढल व्यवस्थापन | १२.७६ | २९०३.७५ | ३७०५२ | ३२७८० |
| ४४ | माछीखोला ढल व्यवस्थापन | १३.०६ | २९०३.७५ | ३७९२३ | ३३३७२ |
| जम्मा | | | | | ६६१५२ |

| असुल गर्नुपर्ने | ६६,१५२ |
|---|---|

६४ **नापि भन्दा बढी भुक्तानी –**, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चामखर्क महिला भवन जग्गा व्यवस्थापन तथा सामाग्री खरिद योजनामा उपभोक्ता समितिलाई रु.९७००१५।० भुक्तानी गरेको छ । भवनको जग्गा व्यवस्थापनमा ढुङ्गाको गारो, १:६ अनुपातको मसलाको काम नापी किताब अनुसार २७.२५ घ.मी. (१२.५*०.८०७५*२.७) गरेकोमा ४३.३० घ.मी. को भुक्तानी भएकोले बढी भुक्तानी भएको १६.०५ घ.मी. को रु.१३३३२.२३ का दरले रु.२१३९८२।० मा उपभोक्ता समितिको अंश कट्टी गरी बाँकी रकम रु.१९२५८४।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्दछ । रु.

| असुल गर्नुपर्ने | १,९२,५८४ |
|---|---|

६५ **वालुवाको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका योजनामध्ये नमुना छनौट गर्दा बाटोको सिँडीमा सुख्खा ढुङ्गा छाप्ने कार्यमा वालुवा समेत प्रयोग गर्ने गरी दर विश्लेषण गरी मुल्यांकन गरेको छ । संलग्न विल, विजक तथा फोटो अनुसार देहायबमोजिम योजनामा वालुवा प्रयोग नभई माटोको प्रयोग गरी गरी सिढी निर्माण गरेको देखिन्छ । जसबाट कामको गुणस्तरमा समेत असर पर्ने तथा वालुवा वापतको प्रति घन मिटर रकम रु.१४२०।० का दरले भुक्तानी भएको रकम रु. ३७१०३४ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

| क्र.सं. | भौ.नं. | योजनाको नाम | कामको परिमाण (घ.मी) | बढी भुक्तानी रकम | उ.स.को अंश बाहेक भुक्तानी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ८ | खानिगाउँ गोरेटो बाटो निर्माण | ४६.३२ | ६५७७४ | ४९९८८ |
| २ | ९ | प्रभात किरण मा.वि. देखि डाडागाउँ गोरेटो बाटो निर्माण | ५८.१४ | ८२५५९ | ७१४१४ |
| ३ | ३९ | नमुना वस्ती गोरेटो बाटो निर्माण | २९.२८ | ४१५७८ | ३६५८९ |
| ४ | ४१ | डोडगन गोरेटो बाटो निर्माण | ४१.६६ | ५९१५७ | ४८५०९ |
| ५ | ५३ | वडा कार्यालय व्यवस्थान निर्माण तथा मर्मत | १५.६३ | २२१९५ | १९५२३ |
| ६ | ६३ | ड्यान आरोही पार्क निर्माण | १८.९२ | २६८६६ | २३२६१ |
| ७ | ७७ | काशीगाउँ भित्र सिडी तथा गोरेटो बाटो निर्माण | ३१.५२ | ४४७५८ | ३८७५१ |
| ८ | ८० | यामा खर्च ढल निकास गोरेटो बाटो | २९.३ | ४१६०६ | ३६०२२ |
| ९ | २७ | छे दु देखि गुरु खोलासम्म जाने गोरेटो बाटो निर्माण | ३८.२१ | ५४२५८ | ४६९७७ |
| जम्मा | | | | ४३८७५१ | ३७१०३४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७१,०३४ |

६६ **भ्रमण खर्च –**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. ६५२००। सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **परामर्श सेवा खरिद –** पालिकाले यस वर्ष परामर्श सेवा खरिदमा अनूसुचिमा उल्लेखित ९ वटा परामर्श सेवा खरिद गरी रु.३१३६४२९।० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

६७.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष अनुसुचीमा उल्लेखित तालिका अनुसार ९ वटा परामर्श सेवा खरिद गरेकोमा कार्यालयको जनशक्ति मार्फत गराउने सकिने कार्य समेत परामर्श सेवा मार्फत खरिद गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, मालसमान उपकरण र सेवा खर्च, प्रतिवेदन र अनुवाद र छपाइ खर्च, परामर्शदाताले तालिम गोष्ठि वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाएर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद भएका परामर्श सेवा मध्ये माथि तालिकामा उल्लेख सि.नं. १र २ बाहेकका परामर्श सेवा खरिद गर्दा उक्त खर्च नखुलाई एकमुष्ट रुपमा लागत अनुमान तयार गरेको छ । जसबाट सेवा खरिदमा लाग्ने वास्तविक खर्च सम्बन्धमा एकिन हुन नसकिएकोले लमसममा लागत अनुमान तयार गर्नु मनासिव देखिदैन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६८ **ठेक्का नं. २-२०७७।७८ –** पालिकाले गाउँपालिका प्रशासकिय भवन निर्माणको लागि विकोई/हेमन्त जे.भी. सँग मिति २०७९।१०।२९ मा सम्पन्न गर्ने गरी मिति २०७८/१/५ मा रु.५३५३८६१७।८५ को ठेक्का सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६८.१ म्याद थप – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिम काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी म्याद थपको लागि निवेदन दिनु पर्ने वोलपत्र स्विकृत गर्ने अधिकारीवाट निर्णय गराई म्याद थप गर्न सकिने उल्लेख छ। पालिका भवनको ठेक्का अवधि मिति २०७९।१०।२९ मा सम्पन्न भएकोमा निर्माण व्यवसायिले कोभिड र विशेष परिस्थितिको कारण समयमा नै सम्पन्न गर्न नसकिएको कारण जनाई म्याद थपको लागि निवेदन दिएकोमा म्याद थप सम्बन्धि कारवाही अघि बढेको देखिएन।नियमावलीमा भएको प्रक्रिया पुरा गरी खरिद सम्झौताको पालना गराउनुतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६८.२ मुल्य समायोजन – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मुल्य समायोजन सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणहरुको मात्र मुल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार रनिङ्ग विलमा मुल्य समायोजन रकम भुक्तानी गर्दा विल पेश भएको अवधिको ३० दिन अगाडिको अवधिलाई आधारमा मानी मुल्य समायोजन इन्डेक्स कायम गरी रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले निर्माण व्यवसायी श्री विकोइ हेमन्त जे.भी.लाई दोस्रो रनिङ्ग

विल रु.७२०६९३६।० (मु.अ.कर र पिएस बाहेक) को मुल्य समायोजन इन्डेक्स १.१९५८ कायम गरी रकम भुक्तानी दिनुपर्नेमा इन्डेक्स १.२१६ कायम गरी भुक्तानी गर्दा रु.१४५५८०।० बढी भुक्तानी भएको छ । अत बढी भुक्तानी रकमको मुल्य अभिवृद्धि कर समेत हुने रु.१६४५०६।० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,५०६ |

६८.३ **पेश्की जोखिम –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायिलाई दिएको पेश्की पेश्की मध्ये हालसम्म रु.२८०६८००।० पेश्की बाँकी रहेको देखिन्छ र उक्त पेश्की जमानतको म्याद २०२२ नोभेम्बर १३ मा समाप्त भएकोमा जमानतको म्याद थप नभएको तथा फर्स्यौट पनि नभएकोले उक्त पेश्की जोखिममा परेको देखिन्छ । अत उक्त पेश्की जमानतको म्याद थपको प्रमाण पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,०६,८०० |

६९ **लाभग्राही अद्यावधिक –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्ने योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ।

७० **लगत कट्टा**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु. ४९३३४।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: धार्चे गाउँपालिका, गोरखा , धार्चे गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | काजीमान सुनार | २०७९-५-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पदम थापा | २०७९-६-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८३२,८८१ | १,८३९,२४६ | ४,६५०,१२० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८,३२२,२४७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,१३५,८४६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७,१८६,४०१ |

स्थानीय तह –

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | १५३६५७५९८ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | २६३५५६५३१ | **चालु खर्च** | २६५५३०१११ |
| **प्रदेश सरकारबाट अनुदान** | ९८९५७५०.० | **पूँजीगत खर्च** | ८६०६१३३६ |
| **राजश्व बाँडफाँट** | ८१६०९२७८ | **वित्तीय/अन्य व्यवस्था** | १०६४६२९५२ |
| **आन्तरिक आय** | ४११०१९१.० | | |
| **अन्य आय** | ९२४६७५०७ | | |
| **कुल आय** | ४५१६३९२५७ | **कुल खर्च** | ४५८०५४३९९ |
| **बाँकी मौज्दात** | | १४७२४२४५६ | |

**बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -२**

बढी प्रशिक्षक भत्ता –

| भौ.नं. | प्रशिक्षकको पद र नाम | तालिमको नाम | सेसन संख्या | दिएको दर | दिनुपर्ने दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १९६ | प्र.अ. श्री रुल बहादुर आले | लघु उद्यम विकास तालिम | २६ | १५०० | १००० | १३००० |
| १४७ | हिमालय बैंक शाखा प्रमुख श्री सन्तोष पनेरु | लघु वित्तमा पहुँच तालिम | ३ | २५०० | १४०० | ३३०० |
| १४७ | कृषि अधिकृत श्री दिपक खत्री | तरकारी खेती तालिम | ९ | १५०० | १००० | ४५०० |
| **जम्मा** | | | | | | **२०८००** |

**बेरूजु दफा ६७.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क्र.सं. | भौचर | परामर्शदाता | कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ५१ | एसेन्सियल इन्जिनियरिङ्ग म्यानेजमेन्ट सर्भिसेज प्रा.ली. | रुन्चेत खानेपानी डीपीआर | २९६००० |
| २ | १६ | हिमालयन इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | बुढिगण्डकी IEE डीपीआर | ३९२००० |
| ३ | १७ | बोर्लाङ्ग इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | रेसेखोला आइ इ इ डीपीआर | १९६००० |
| ४ | ७२ | म्याक्रो इन्नोभेशन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | काशिगाउँ ज्योलोजिकल अन्यायन | २९७७५५ |
| ५ | ७३ | इम इन्जिनियरिङ्ग एण्ड कन्ष्ट्रक्सन | काशिगाउँ खेलमैदान डिपीआर | १९७७५० |
| ६ | ७५ | के.एम. विल्ड एण्ड कन्सल्ट प्रा.ली. | लाप्राक-सिङ्गला-खोर्ला सडक डिपीआर | ४४७२५४ |
| ७ | ७६ | जेनेक्स इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | लापुवेसी-लापु सडक डीपीआर | ४४७४८० |
| ८ | ७८ | नारायणी इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड कन्ष्ट्रक्सन प्रा.ली. | दोभान उहिया सडक डिपीआर | ३९६६३० |
| ९ | २९९ | सपोर्ट फर डेभलपमेन्ट इनिसियटिभ कन्सल्टेन्सी | मध्यमकालिन खर्च संरचना निर्माण | ४६५५६० |
| | | जम्मा | | ३१३६४२९ |